# याङवरक गाउँपालिका
## आर्थिक ऐन, २०७४

# याङवरक गाउँपालिका
मेदिबुङ, थर्पु, पाँचथर

# याङवरक गाउँपालिकाको आर्थिक ऐन, २०७४

गाउँसभाबाट स्वीकृत मिति : २०७४/०५/३१

## याङवरक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना :**

याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्ने, छुट दिने तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम याङवरक गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गते देखि याङवरक गाउँपालिका क्षेत्र पाँचथरमा लागू हुनेछ ।

**२. सम्पति कर (घर जग्गा कर) :** गाउँपालिका क्षेत्र भित्र **अनुसूची-१** बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाई असूल उपर गरिनेछ ।

**३. भुमिकर (मालपोत कर) :**गाउँपालिका क्षेत्रभित्र **अनुसूची-२** बमोजिम भुमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

**४. सम्पति बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सवारी साधन, जग्गा वा पोखरी पुरै आंशिक तवरले साथै अन्य कुनै सम्पति आम्दानी हुने गरी बहालमा दिएकोमा **अनुसूची-३** बमोजिम बहाल कर लगाई असूल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापीत उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा **अनुसूची-४** बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचि-५** बमोजिमको कर लगाई असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि-६** बमोजिम सवारी साधन कर लगाई असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने सबै किसिमको विज्ञापनमा **अनुसूचि-७** बमोजिम विज्ञापन कर लगाई असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूचि-८** बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.**बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसूचि-९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचि-१०** बमोजिम पार्किङ शुल्क लगाई असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिङ, क्यानेइङ्ग, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानेइङ्ग, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरेवापत **अनुसूचि-११** बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **अनुसूचि-१२** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाई असूल उपर गरिनेछ ।

१४.**पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूचि-१३** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **जरिवाना :** गाउँपालिका क्षेत्रभित्र निषेध गरिएको सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार व्यवसाय वा फोहोरमैला गर्ने तथा यस ऐन र प्रचलित कानुन विपरीतका कार्य गर्नेलाई **अनुसूची-१४** बमोजिम जरिवाना गरिनेछ ।

१६. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि यस ऐनसँग नबाझिने गरि कर तथा शुल्क संकलन सम्बन्धि गाउँकार्यपालिकाले आवश्यक नियम वा कार्यविधिबनाउन सक्नेछ ।

**१८. अन्य व्यवस्था :** गाउँपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरीवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर नागरीकताको सिफारीस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिबद्धतापत्र लिई सेवा प्रबाह गर्न भने बाधा पुगेको मानिने छैन ।

**१९. यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**२०. खारेजी :** (१) याङवरक गाउँपालिकाको कर, शुल्क, दस्तुर, जरिवाना संकलन सम्बन्धि आदेश, २०७४ खारेज गरिएको छ ।

(२) गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु र प्रदेश कानुन, ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

**सम्पति/घरजग्गा कर**

१. पाँचथर जिल्ला याङवरक गाउँपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०७४/०७५ को वार्षिक अचल सम्पत्ति मूल्याङ्कन सिफारिस गर्दा जग्गा कर देहाय बमोजिम तोकिएको छ :-

क) जग्गा कर (रुपैयाँमा)

| क.स | विवरण (प्रत्येक एकाईको एकामुष्ठ, थप नलाग्ने) | आ.ब. २०७४/०७५ को |
|---|---|---|
| क) | रु.५ लाख रुपैयाँ सम्मको | १०००.०० |
| ख) | (५-१०) लाख रुपैयाँ सम्मको | १५००.०० |
| ग) | (१०-२०) लाख रुपैयाँ सम्मको | २०००.०० |
| घ) | (२०-३०) लाख रुपैयाँ सम्मको | २५००.०० |
| ङ) | (३०-५०) लाख रुपैयाँ सम्मको | ३०००.०० |
| च) | (५०-१००) लाख रुपैयाँ सम्मको | ३५००.०० |
| छ) | १ करोड भन्दा माथि जतिसुकै रुपैयाँ | ४०००.०० |

ख) घरधुरी कर (रुपैयाँमा)

| क.स. | विवरण (प्रति घर थप हुने) | दर |
|---|---|---|
| १ | दुई वा सो भन्दा बढी तला भएको पक्की घर | ५००।- |
| २ | एकतले पक्की घर | ४००।- |
| ३ | अर्धपक्की घर | ३००।- |
| ४ | जस्ताको छानो छानो भएको घर | २००।- |
| ५ | टायल/झिंगटीको छानो भएको घर | १००।- |
| ६ | खर/चित्रा/पराल/फुस/काठको छानो भएको घर | ५०।- |

द्रष्टव्य : गाई, भैंसी,चौंरी गोठमा कर नलाग्ने

अनुसूचि-२

(दफा ३ संग सम्बन्धित)

## भुमिकर (मालपोत कर)

पाँचथर जिल्ला याङवरक गाउँपालिकाक्षेत्रभित्र आर्थिक वर्ष २०७४/०७५ को मालपोत कर देहाय बमोजिम तोकिएको छ :

**(क) मध्यपहाडी लोकमार्ग आसपास १०० मिटर क्षेत्रभित्र,**

(रुपैयाँमा)

| सि.नं. | किसिम | दररेट (प्रति रोपनी) | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| १. | अब्बल | १५।- | बार्षिक ५ प्रतिशत प्रतिवर्ष थप हुदै जानेछ। | विगत बर्षहरुको बाँकी वक्यौताको हकमा समेत यसै अनुसार हुनेछ। |
| २. | दोयम | १३।- | | |
| ३. | सिम | ११।- | | |
| ४. | चाहार | ९।- | | |
| ५. | वर्ग नखुलेको हकमा | ६।- | | |
| ६. | अलैंची उत्पादन हुने क्षेत्र (वि.सं. | २०।- | | |

| | | | | |
|---|---|---|---|---|
| | २०४० सालमा दर्ता भएको क्षेत्र) | | | |

**(ख) अन्य सम्पूर्ण क्षेत्रमा (माथि (क) मा तोकिएको क्षेत्र बाहेकको हकमा मात्र लागू हुने) (रुपैंयाँ)**

| सि.नं. | किसिम | दररेट (प्रति रोपनी) | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | ८।- | वार्षिक जरिवाना ५ प्रतिशत प्रतिवर्ष थप हुदै जानेछ । | विगत वर्षहरुको बाँकी वक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |
| २ | दोयम | ७।- | | |
| ३ | सिम | ६।- | | |
| ४ | चाहार | ५।- | | |
| ५. | वर्ग नखुलेको हकमा | १०।- | | |
| ६ | अलैंची उत्पादन हुने क्षेत्र (वि.सं. २०४० सालमा दर्ता भएको क्षेत्र) | २०।- | | |

**(ग) देहायमा उल्लेखित बजार क्षेत्रमा (माथि (क) मा उल्लेखित क्षेत्र भएपनि** (रुपैंया)

| **सि.नं.** | **किसिम (घडेरी)** | **दररेट** (प्रति रोपनी) | **जरिवाना** | **कैफियत** |
|---|---|---|---|---|
| १ | २ आना भन्दा माथि ४ सम्म | २००।- | वार्षिक ५ प्रतिशत प्रतिवर्ष थप हुदैं जानेछ । | विगत वर्षहरुको बाँकी बक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |
| २ | ४ आना भन्दा माथि ८ सम्म | २५०।- | | |
| ३ | ८ आना भन्दा माथि १२ सम्म | ३००।- | | |
| ४ | १२ आना भन्दा माथि १६ सम्म | ३५०।- | | |
| (गणेशचोक बजार, मेदीवुङ थर्पु बजार, ओयाम बजार, फलैचा बजार, च्याङथापु बजार) | | | | |

(घ) देहायमा उल्लेखित बजार क्षेत्रमा (माथि (क) मा उल्लेखित क्षेत्र भएपनि)

| सि.नं. | किसिम (घडेरी) | दररेट | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| १ | २ आना भन्दा माथि ४ सम्म | २०।- | वार्षिक ५ प्रतिशत प्रतिवर्ष थप हुदै जानेछ । | विगत वर्षहरुको बाँकी बक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । १ रोपनी माथिको थपमा उल्लेख भएबमोजिम हुने |
| २ | ४ आना भन्दा माथि ८ सम्म | २५।- | | |
| ३ | ८ आना भन्दा माथि १२ सम्म | ३०।- | | |
| ४ | १२ आना भन्दा माथि १६ सम्म | ३५।- | | |
| (सुनुवार गोलाइ, मुकुबुङ, याङसिबुङ, थर्पु क्याम्पस क्षेत्र, बरडाँडा, दाहालगाउँ, दोभाने, सेलिङ चोक, फलैंचाको गढी, सेरेजा, चरी भञ्ज्याङ बजार, ५२ मौलो क्षेत्र भित्र ) | | | | |

**अनुसूचि-३**

(दफा ४ संग सम्बन्धित)

**सम्पति वहाल कर**

पाँचथर जिल्ला गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सवारी साधन, जग्गा वा पोखरी पुरै आंशिक तवरले साथै अन्य कुनै सम्पति आम्दानी हुने गरी बहालमा दिएकोमा बहाल अंकको १० (दश) प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वापत रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ ।

**बहाल कर निर्धारण प्रक्रिया :**

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक अवधिलाई लिई बहाल कर बुझाउनु पर्नेछ ।

२) क्षेत्रगत (बजार, ग्रामीण) आधारमा गाउँ कार्यपालिकाले न्युनतम बहाल कर तोक्न सक्नेछ ।

३) गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा सम्झौतापत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

## अनुसूचि-४

(दफा ४ संग सम्बन्धित)

**व्यवसाय कर**

**पाँचथर जिल्ला याङवरक गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, उद्योग, पसल, पेशा, व्यवसाय आदिमा देहायअनुसार दर्ता तथा नविकरण र वार्षिक कर लगाई राजस्व संकलन गर्ने ।**

(१) नयाँ दर्ता दस्तुर रु ५००।- (पाँच सय मात्र) लाग्नेछ ।
(२) नविकरण रु.२५०।- (दुई सय पचास मात्र) लाग्नेछ ।
(३) इन्जिनियरिङ दर्ता नविकरण (सूचिकृत) शुल्क रु.५००।- (पाँच सय मात्र)
(४) व्यापारिक वस्तु (कारोवारको आधारमा) :

क) पसल (रुपैयाँमा)

| सि.नं. | विवरण | सानो | मझौला | ठूलो |
|---|---|---|---|---|
| १ | रक्सि मदिरा/सूर्तिजन्य पसल | १००।- | २००।- | ३००।- |
| २ | ज्वेलरी (जेन्स) | १००।- | २००।- | २५०।- |
| ३ | सिडी डिभिडी | १०।- | २०।- | ३०।- |
| ४ | क्युरियो | २५।- | ५०।- | ७५।- |
| ५ | मोवाईल एसेसरिज | ५०।- | १००।- | १५०।- |
| ६ | घडी विक्री पसल | ३५।- | ५०।- | ७५।- |
| ७ | पुस्तक पसल | २५।- | ५०।- | ७५।- |
| ८ | पान पसल | ५।- | १०।- | १५।- |
| ९ | तमाखु पसल | ५।- | १०।- | १५।- |
| १० | कम्प्युटर, फ्रिज | ५०।- | १००।- | १५०।- |

| | | | | |
|---|---|---|---|---|
| ११ | कलरल्याव | २५।- | ५०।- | ७५।- |
| १२ | फर्निचर | १००।- | १२५।- | १५०।- |
| १३ | तयारी लुगा रेडिमेट | १००।- | १५०।- | २००।- |
| १४ | चस्मा विक्री | १०।- | १५।- | २०।- |
| १५ | रड सिमेन्ट जस्तापाता | १००।- | १५०।- | २००।- |
| १६ | प्लाइउड | १००।- | १५०।- | २००।- |
| १७ | रङरोगन | १००।- | १५०।- | २००।- |
| १८ | ऐना,प्लाईउड तथा सिसा पसल | २०।- | ३०।- | ४०।- |
| १९ | विजुली सामान | १००।- | १५० ।- | २००।- |
| २० | सवारी साधन पाटपुर्जा | ५०।- | ७५।- | १००।- |
| २१ | सिंगार पसल -कस्मेटीक ) | १०।- | २०।- | ३०।- |
| २२ | टायर ट्युब | १००।- | १५०।- | २००।- |
| २३ | पेट्रोल पम्प | ५००।- | ७००।- | १०००।- |
| २४ | खाद्य पर्दाथ तथा किराना पसल | ५०।- | १००।- | १५०।- |
| २५ | सुति कपडा उनी पसल | १००।- | १५०।- | २००।- |
| २६ | हलुवाई | ५।- | १०।- | १५।- |
| २७ | मोटरसाइकल वर्क्सशप | ५०।- | ७५।- | १०० ।- |
| २८ | पुंजा सामग्री विक्री पसल | २०।- | ३०।- | ४०।- |
| २९ | दुध, दही विक्री पसल | १०।- | २०।- | ३०।- |
| ३० | तेल, ध्यू,सख्खर विक्री पसल | १०।- | २०।- | ३०।- |
| ३१ | भाडाकुडा पसल | ५०।- | १००।- | १५०।- |
| ३२ | चिया पत्ति विक्रेता पसल | ५०।- | १००।- | १५०।- |
| ३३ | गिफ्ट सप तथा खेलौना पसल | १०।- | २०।- | ३०।- |
| ३४ | इमब्रोइडरी पसल | १०।- | २०।- | ३०।- |
| ३५ | धागो टाँक पसल | १०।- | २०।- | ३०।- |
| ३६ | जुत्ता पसल | १००।- | २००।- | ३००।- |
| ३७ | मोटर विक्री सोरुम | ५००।- | १०००।- | २०००।- |
| ३८ | साइकल वर्कसप | ५०।- | १००।- | १५०।- |
| ३९ | साइकल विक्री सोरुम | २००।- | ३००।- | ४००।- |
| ४० | रिकन्डीसन सवारी साधन खरिद विक्री (मोटर) | १०००।- | २०००।- | ३०००।- |
| ४१ | रिकन्डीसन सवारी साधन खरिद विक्री (मोटरसाइकल मात्र ) | ५००।- | १०००।- | २०००।- |

ख) विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा

| | | | | |
|---|---|---|---|---|
| ४२ | चिकित्सक | २००।- | ३००।- | ५००।- |
| ४३ | कविराज | १००।- | २००।- | ३००।- |

| | | | | |
|---|---|---|---|---|
| ४४ | इन्जिनियर | २०० ।- | ३००।- | ५००।- |
| ४५ | कानून व्यवसायी | १००।- | २००।- | ३००।- |
| ४६ | लेखा परीक्षक | १००।- | २००।- | ३००।- |
| ४७ | दन्त चिकित्सक | १०० ।- | २००।- | ३००।- |
| ४८ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १०० ।- | २००।- | ३००।- |
| ४९ | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | २०० ।- | ३००।- | ४००।- |
| ५० | वीमा एजेन्ट | १०० ।- | २००।- | ३००।- |
| ५१ | सर्भेयर | ५०।- | १००।- | १५०।- |
| ५२ | अनुवादक | ५०।- | १००।- | १५०।- |
| ५३ | पशु चिकित्सक | १००।- | २००।- | ३००।- |
| ५४ | शेयर दलाल | १००।- | २००।- | ३००।- |
| ५५ | सामान ढुवानीकर्ता तथा कम्पनी | ५०।- | १००।- | १५०।- |
| ५६ | संस्थागत पेन्टर | १०० ।- | २००।- | ३००।- |
| ५७ | कन्सल्टेन्सी | १००।- | २००।- | ३००।- |
| ५८ | अन्य विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा | १००।- | २००।- | ३००।- |

ग) उत्पादनमुलक उद्योग

| | | | | |
|---|---|---|---|---|
| ५९ | कोरा माल वा अर्ध -प्रशोधित माल वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | १००।- | २००।- | ३००।- |
| ६० | कोकाकोला, पेप्सीकोला उद्योग | २००।- | ३००।- | ५००।- |
| ६१ | आइसक्रिम उद्योग | १००।- | २००।- | ३००।- |
| ६२ | विस्कुट उद्योग | ५०।- | १००।- | १५०।- |
| ६३ | पाउरोटी केक उद्योग | २५।- | ५०।- | ७५।- |
| ६४ | हलुका पेय पदार्थ उद्योग (कोका कोला, पेप्सी कोला बाहेक) | १००।- | २००।- | ३००।- |
| ६५ | डेरी उद्योग | ५०।- | १००।- | १५०।- |
| ६६ | जुत्ता, चप्पल उद्योग | १००।- | २००।- | ३००।- |
| ६७ | डिस्टलरी उद्योग | १००।- | २००।- | ३००।- |
| ६८ | मिनिरल वाटर उद्योग | १००।- | २००।- | ३००।- |
| ६९ | खाद्यान्न सामाग्री उद्योग | १००।- | २००।- | ३००।- |
| ७० | कार्पेट, गार्मेन्ट, पस्मिना उद्योग | १००।- | २००।- | ३००।- |
| ७१ | प्लाष्टिक उद्योग | १००।- | २००।- | ३००।- |
| ७२ | घरेलु उद्योग | ५०।- | १००।- | २००।- |
| ७३ | कापी किताब उद्योग (नेपाली कागज बाहेक) | १००।- | २००।- | ३००।- |

| | | | | |
|---|---|---|---|---|
| ७४ | खाद्यान्न मिल(कुटानी पिसानी) | ५०।- | ६०।- | ७०।- |
| ७५ | अन्य उत्पादन मूलक उद्योग | ५०।- | ६०।- | ७०।- |

घ) कृषि तथा वन्य जन्तु

| | | | | |
|---|---|---|---|---|
| ७६ | मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | ५०।- | १००।- | १५०।- |
| ७७ | काठ समेतको चिरानी/सःमिल | १००।- | २००।- | ३००।- |
| ७८ | नेपाली कागज उद्योग | ५०।- | १००।- | १५०।- |
| ७९ | अन्य कृषि तथा वनजन्य उद्योग | ५०।- | ७५।- | १००।- |
| ८० | बाँसको नाङ्लो,डोको, कुचो विक्री पसल | १०।- | २०।- | ३०।- |
| ८१ | चिया नर्सरी | १००- | २००।- | ३००।- |
| ८२ | अलैचि नर्सरी | १००- | २००।- | ३००।- |
| ८३ | अन्य नर्सरी | ५०।- | ७५।- | १००।- |
| ८४ | तरकारी/फलफूल पसल | ५।- | १०।- | १५।- |
| ८५ | फुल र अन्य विरुवा बिक्रेता (नर्सरी) | ५०।- | ७५।- | १००।- |

ङ) खनिज तथा खनिज प्रशोधन व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| ८६ | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ५०।- | ७५।- | १००।- |

च) पर्यटन उद्योग/व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| ८७ | व्यवसायिक फोटो सेसन | २००।- | ३००।- | ४००।- |
| ८८ | बेतारे होटल | ५०।- | १००।- | १५०।- |
| ८९ | रेष्टुरेन्ट एण्ड बार | १००।- | १५०।- | २००।- |
| ९० | मादक पदार्थ  विक्री गर्ने/खाना खुवाउने होटल | १००।- | २००।- | ५००।- |
| ९१ | रेष्टुरेन्ट एण्ड बार(डान्स, दोहोरी, बहुतल्ले, सहित) | १५०।- | २००।- | २५०।- |
| ९२ | फास्टफुड पसल (बेकरी क्याफे) | १००।- | १५०।- | २००।- |
| ९३ | लज गेस्ट हाउस | १००।- | १५०।- | २००।- |
| ९४ | रिसोर्ट | २००।- | ३००।- | ४००।- |
| ९५ | पिकनिक स्थल | १००।- | २००।- | ३००।- |

छ) सेवा व्यवसाय (
छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ व्यवसाय, चलचित्र व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा)

| | | | | |
|---|---|---|---|---|
| ९६ | सर्टिङ सुटिङ पसल | १००।- | २००।- | ३००।- |
| ९७ | ड्राइ क्लिनर्स | ५०।- | ७५।- | १००।- |
| ९८ | फोटो स्टुडियो | ५०।- | ७५।- | १००।- |
| ९९ | भोजनालय तथा सामान्य खाजा घर | ५०।- | ७५।- | १००।- |
| १०० | फ्रेस हाउस | ५०।- | ७५।- | १००।- |

| | | | | |
|---|---|---|---|---|
| १०१ | कोल्ड स्टोर, शीत भण्डार | १००।- | २००।- | ३००।- |
| १०२ | रेकर्डिङ स्टुडियो | ५०।- | १००।- | १५०।- |
| १०३ | स्नुकर र पुल र भिडियो गेम | १००।- | १५०।- | २००।- |
| १०४ | छापाखाना | १००।- | १५०।- | २००।- |
| १०५ | मसला पसल र खाद्यान्न डिलर | १००।- | १५०।- | २००।- |
| १०६ | लुगा सिउने मेसिन विक्री गर्ने पसल | १००।- | १५०।- | २००।- |
| १०७ | मर्मत (छाला ज्याकेट मर्मत) | १००।- | १५०।- | २००।- |
| १०८ | साधारण टेलरिङ, पिको,इम्बोइडरी इत्यादी | २५।- | ५०।- | ७५।- |
| १०९ | बैण्ड बाजा | ५०।- | ७५।- | १००।- |
| ११० | धागो, टाँक पसल | १०।- | १५।- | २०।- |
| १११ | छाला विक्री, जुत्ता बनाउने सामान र विक्री पसल | ५०।- | ७५।- | १००।- |

ज) संचार सेवा व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| ११२ | निजी हुलाक सेवा (कुरियर) | | | १५०।- |
| ११३ | टेलिफोन सेवा | | | १५०।- |
| ११४ | सेल्स अफिस, फ्याक्स सेवा, फोटोकपी, मोवाइल फोन, आइएसडी, एसटीडी, इमेल, इन्टरनेट | | | १००।- |
| ११५ | साइबर, रेडियो पेजिङ आदि | | | १५०।- |
| ११६ | पत्रपत्रिका प्रकाशन | | | ७५।- |
| ११७ | केबुल संचालन गर्ने व्यवसाय | | | १५००।- |

झ) वित्तिय सेवा व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| ११८ | वाणिज्य बैंक शाखा | | | ५०००।- |
| ११९ | विकास वैंक शाखा | | | ३५००।- |
| १२० | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनी शाखा | | | ५००।- |
| १२१ | मनि टार्न्सफर (अन्तर गाउँ, जिल्ला देश) | | | १०००।- |
| १२२ | सहकारी संस्था (कारोबारको आधारमा) | | | १०० देखी १००० सम्म |
| १२३ | बीमा कम्पनी शाखा | | | १००।- |
| १२४ | विदेशी मुद्रा सटही केन्द्र | | | ५०।- |
| १२५ | सहकारी बैंक | | | १५०।- |
| १२६ | अन्य वित्तिय कारोबार गर्ने | | | ५०।- |

ञ) स्वास्थ्य सेवा व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| १२७ | सामुदायिक गैरसरकारी अस्पताल | | | २००।- |
| १२८ | नर्सिङहोम | | | २००।- |
| १२९ | किलनिक/औषधि पसल (एलोप्याथिक) तथा ल्याब | | | २००।- |

| | | | | |
|---|---|---|---|---|
| १३० | किलनिक/औषधि पसल (आयूर्वोदिक) तथा ल्याब | | | १००।- |
| १३१ | नीजि अस्पताल | | | २००।- |
| १३२ | डेन्टल हस्पिटल | | | २००।- |
| १३३ | अकुपन्चरिष्ट सेवा | | | १००।- |
| १३४ | भेटिरीनरी क्लिनिक | | | २००।- |
| १३५ | एग्रोभेट क्लिनिक | | | २००।- |

ट) शिक्षा तथा तालिम व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| १३६ | तालिम तथा अनुसन्धान केन्द्र | | | २००।- |
| १३७ | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | | १५०।- |
| १३८ | मन्टेसरी | | | ३००।- |
| १३९ | निजी विद्यालय (आधारभूत), आबासीयमा थप रु.५००।-) | | | २०००।- |
| १४० | निजी विद्यालय (माध्यमिक) , आबासीयमा थप रु.१०००।-) | | | ४०००।- |
| १४१ | निजी विद्यालय उ.मा.वि. | | | ४५००।- |
| १४२ | छात्र/छात्रा बास | | | १५००।- |
| १४३ | ट्युसन सेन्टर | | | १५००।- |

| | | | | |
|---|---|---|---|---|
| १४४ | मोटरसाइकल मर्मत सानातिना पार्ट सहित | | | १५०।- |
| १४५ | साइकल मर्मत केन्द्र/पसल | | | ७५।- |
| १४६ | रेडियो, टि.भी. घडी,प्रेशरकुकर, हिटर टेलीफोन सेट, कम्प्युटर विद्युत सामाग्री | | | ७५।- |
| १४७ | म्यूजिकल एण्ड मेन्टेनेन्स पसल | | | ७५।- |
| १४८ | हेभी भेइकल (१२ चक्का देखि माथि) स्काभेटर लगायत | | | ४०००।- |
| १४९ | बस, ट्रक | | | ३५००।- |
| १५० | लाइट भेकल कार, भ्यान, जिप | | | २०००।- |
| १५१ | घडी मर्मत पसल | | | ४०।- |

ड) अन्य सेवा

| | | | | |
|---|---|---|---|---|
| १५२ | विज्ञापन सेवा एजेन्सी | | | १००।- |
| १५३ | वैदेशिक रोजगार सेवा (कन्सल्टेन्सि) | | | १५००।- |
| १५४ | स्वदेशी रोजगार सेवा (कन्सल्टेन्सि) | | | ४००।- |
| १५५ | सेक्रेटेरियल सेवा | | | २००।- |
| १५६ | हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री ( रियल स्टेट) | | | २०००।- |
| १५७ | ब्युटीपार्लर | १००।- | २००।- | ३००।- |

| | | | | |
|---|---|---|---|---|
| १५८ | केशश्रृंगार (सैलुन) | १००।- | २००।- | ३००।- |
| १५९ | पशु वधशाला | ५०।- | ७५।- | १००।- |
| १६० | फूल र विरुवा विक्रेता(नर्सरी) | ५०।- | ७५।- | १००।- |
| १६१ | स्टिल | | | ४००।- |
| १६२ | काठ | | | ४००।- |
| १६३ | इन्टरनेट प्रोभाइडर | | | १५०।- |
| १६४ | साधारण सुनचाँदी गहना बनाउने पसल | | | २५०।- |
| १६५ | कार्गो (सामान ढुवानी) | | | २००।- |
| १६६ | टिकट काउण्टर | | | १००।- |
| १६७ | ढक तराजु विक्री पसल | | | ३००।- |

ढ) अन्य व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| १६८ | क्यासिनो | ५,०००।- | १०,०००।- | १५,०००।- |
| १६९ | शिशु स्याहार केन्द्र | १००।- | १५०।- | २००।- |
| १७० | रेन्टल तथा क्याटरिङ सेवा | १००।- | १५०।- | २००।- |
| १७१ | सप्लायर्स | ५००।- | १०००।- | १५००।- |
| १७२ | पार्टी प्यालेस | ५००।- | १०००।- | १५००।- |
| १७३ | हेल्थ क्लब व्यामशाला | १००।- | १५०।- | २००।- |
| १७४ | स्वीमिङ पुल | ५०।- | १००।- | १५०।- |
| १७५ | होस्टेल (स्कुल, कलेज विद्यार्थी वाहेक) | ५००।- | १०००।- | १५००।- |

ण) निर्माण व्यवसाय⁄ उद्योग

| | | | | |
|---|---|---|---|---|
| १७६ | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | ५००।- | १०००।- | १५००।- |
| १७७ | अन्य निर्माण सेवा | | | |
| | क वर्ग | | | ८००।- |
| | ख वर्ग | | | ६००।- |
| | ग वर्ग | | | ४००।- |
| | घ वर्ग | | | २००।- |
| १७८ | सडक पुल,रोपवे,रेलवे, ट्रलिबस, टनेल, फलाइङ वृज तथा औद्योगिक व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | ५००।- | १०००।- | १५००।- |
| १७९ | रोडा बालुवा | १००।- | १५०।- | २००।- |

त) उर्जामूलक उद्योग (जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा उर्जा पैदा गर्ने उद्योग व्यवसायमा अन्य)

| | | | | |
|---|---|---|---|---|
| १८० | हाइड्रोपावर प्रतिकिलोवाट प्रतिवर्ष (उत्पादन शुरु भएपछि ) | | | २५।- |
| १८१ | अन्य उर्जामूलक उद्योग | १००।- | १५०।- | २००।- |

| | | | | |
|---|---|---|---|---|
| १८२ | सोलार उत्पादन तथा विक्री | १००।- | १५०।- | २००।- |
| १८३ | बायो प्राकृतिक ग्यास कम्पनी | १००।- | १५०।- | २००।- |

माथि तोकिएकोमा सोही बमोजिम, नतोकिएको हकमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूचि-५
## (दफा ६ संग सम्बन्धित)
## जडिबुटी, कवाडी माल कर

ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाखँ, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे वापत जडीबुटी, कवाडी र जीवजन्तु कर तोकिएको छ । उल्लिखित मालसामानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि याङवरक गाउकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागजजन्य सामानका लागि प्रति किलोग्राम रु.०.२५।- (पच्चीस पैसा),

ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु०.५०।- (पचास पैसा),

ग) स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु.०.५०।- (पचास पैसा), र

घ) अन्यको हकमा प्रति किलोग्राम रु ०.५०।- (पचास पैसा) ।

## अनुसूचि-६
## (दफा ७ संग सम्बन्धित)
## सवारी साधन कर

**पाँचथर जिल्ला याङवरक गाउँपालिका क्षेत्र भित्र ठेगाना रहने गरि दर्ता भएका याङवरक गाउँपालिका क्षेत्रभित्र र बाहिर चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार तोकिएको छ :**

क) इन्जिनबाट चल्ने जुन कुनै दुई पाङ्ग्रे मोटर साइकल, स्कुटर वा यस्तै सवारी सवारी साधनको वार्षिक रु.१००।- एक सय रुपैया,
ख) कार, जीप,भ्यान वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु.५००।- पाँच सय रुपैयाँ,
ग) टेम्पु र ट्याक्टर वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु.२५०।- दुई सय पचास रुपैयाँ,
घ) मिनि बस, मिनि ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु.२५०।- दुई सय पचास रुपैयाँ,
ङ) ठुला बस, ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु.८००।- तीन सय रुपैया,
च) हेभी गाडी, डोजर क्रेन वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु.१०००।- एक हजार रुपैयाँ,
छ) अन्य सवारी साधनको वार्षिक रु.१००।- एक सय रपैयाँ मात्र
ज) विद्युतीय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने सवारी साधनका हकमा तोकिएको दरमा ५०% पचास प्रतिशत छुट हुने ।

## अनुसूचि-७
## (दफा ८ संग सम्बन्धित)

## विज्ञापन कर

**क) विज्ञापन कर निम्नानुसार तोकिएको छ :**

१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।
२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।
३) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाइनेछैन ।
४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको कर छुट हुने छैन ।
५) भवन, जमिन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा
पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन कर छुट हुने छैन ।
६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा याङवरक गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रशार गर्न पाइने छैन ।

**ख) विज्ञापन करको दर :**

१) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु.१०।-,
२) होर्डिङ्ग बोर्ड, नियोन साईन यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु.३०।-,
३) डिजिटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु. २०।-,
४) माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वार फुट सम्मको लागि प्रति दिन रु.५०।-र स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामग्रीका लागि प्रति वर्ष वर्ग फुट रु.२५।-,
५) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको अधिकतम १५ दिन र २० स्क्वार फुटकालागि प्रति दिन रु.५०।-,
६) सवारी साधनको छत (अधिकतम ३ फुट उचाइ सम्म मात्र ), दुई पाङ्ग्रा विचको भाग, पछाडीको सिसा (सिसाको जम्मा भाग मध्येको अधिकतम ५० प्रतिशत सम्म मात्र ) मुख्य झ्यालको माथि पट्टीको भेन्टीलेसनमा विज्ञापन प्रचार सामग्रीको प्रति स्क्वार फुट रु.५०।-
७) आकाशमा वेलुन, ज्याकटमा वा वेलुन बोकेर गरिने विज्ञापन (प्रतिदिन) रु.२५।-,
८) अन्यको हकमा प्रति वर्ग फिट प्रति वर्ष रु.१००।-

## अनुसूचि-८

**(दफा ९ संग सम्बन्धित)**

## मनोरञ्जन कर

१) चलचित्र वा अन्य भवन वा मेलाहरुलाई चलचित्र प्रदर्शन गरेवापत प्रति चलचित्र प्रदर्शन स्थल - प्रति चलचित्र पर्दा ) वापत वार्षिक निम्नानुसार मनोरञ्जन कर असुल उपर गरिनेछ ।

१.१ अधिकतम तीस सीट क्षमता भएकाहरुलाई वार्षिक रु.१,०००।-

१.२ अधिकतम पचास सीट क्षमता भएकाहरुलाई वार्षिक रु.२,०००।-

१.३ अधिकतम एक सय सीट क्षमता भएकाहरुलाई वार्षिक रु.३,०००।-
१.४ अधिकतम एक सय देखि माथिका सीट क्षमता भएकाहरुलाई वार्षिक रु.४,०००।-
१.५ तीन महिना सम्म जादु सर्कस मेला संचालन गराए वापत दैनिक रु.५०।-
१.६ तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम संचालन गराए वापत मासिक रु.२५००।-,

## अनुसूचि-९
## (दफा १०संग सम्बन्धित)
## बहाल बिटौरी शुल्क

**यस सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुने ।**

## अनुसूचि-१०
## पार्किङ शुल्क

क्षेत्रगत (बजार) आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भाग नओगटिने गरी भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रबाट सवारी पार्किङ व्यवस्थापन गर्न सक्ने ।
१) दिनको आधारमा निम्न बमोजिम शुल्क संकलन गर्ने ।
१.१ गणेश चोक, मेदिबुङ थर्पु बजार, ओयाम बजार, च्याङथापु बजार र फलैचा बजार क्षेत्र वरीपरि सवारी साधन पार्किङ गरे वापत प्रति दिनः

क) दुई पाङ्ग्रेका लागि रु.५।-
ख) चार पाङ्ग्रेका लागि रु.१०।-
ग) छ पाङ्ग्रे वा सो भन्दा बढीका लागि रु.१५।-

२) सवारी साधन पार्किङ गर्ने क्षेत्र र निषेध क्षेत्र गाउँ कार्यपालिकाले तोक्न सक्नेछ ।

## अनुसूचि-११
## (दफा १२ संग सम्बन्धित)
## ट्रेकिङ, कोयोकिङ, क्यानेइङ्ग, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍यापटिङ शुल्क

यस सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूचि-१२
## (दफा १२ संग सम्बन्धित)

## सेवा, शुल्क दस्तुर

(रुपैयाँमा)

| क.सं. | विवरण | आ.व. २०७४/०७५ | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | १०।- | |
| २ | व्यक्तिगत घटना दर्ता/सिफारिस ३५ दिनभित्र | निशुल्क | |
| ३ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५०।- | |
| ४ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि प्रतिलिपी | १००।- | |
| ५ | अस्थायी बसोबास सिफारिस | २००।- | |
| ६ | स्थायी बसोबास सिफारिस | ५००।- | |
| ७ | एकासगोल परिवार प्रमाणित सिफारिस | २००।- | |
| ८ | संरक्षक सिफारिस (व्यक्तिगत ) | २५।- | |
| ९ | संरक्षक सिफारिस (संस्थागत ) | ५०।- | |
| १० | जिवित रहेको सिफारिस | १००।- | |
| ११ | जन्म मिति संशोधन सिफारिस | १००।- | |
| १२ | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | १००।- | |
| १३ | जन्म मिति प्रमाणित | २५।- | |
| १४ | विवाह प्रमाणित | २५।- | |
| १५ | अविवाहित प्रमाणित | २००।- | |
| १६ | मृत्यू प्रमाणित | २५।- | |
| १७ | सम्बन्ध भएको/नभएको प्रमाणित | १००।- | |
| १८ | घर पाताल प्रमाणित | ५०।- | |
| १९ | फरक फरक नाम, थर शिफारिस/प्रमाणित | १००।- | |
| २० | फरक फरक जन्म मिति प्रमाणित /शिफारिस | १००।- | |
| २१ | चालचलन राम्रो, तीनपुस्ते, सम्बन्धी सिफारिस नेपाली | २००।- | |
| २२ | चालचलन राम्रो, तीनपुस्ते, सम्बन्धी सिफारिस अँग्रेजी | ३००।- | |
| २३ | कागज मञ्जुरीनामा प्रमाणित | ५०।- | |
| २४ | संरक्षक प्रमाणित | २५।- | |
| २५ | नाम, थर संसोधन शिफारिस | २००।- | |
| २६ | वैदेशिक रोजगार प्रमाणित खाडी मूलुक र मलेसिया र अन्य | १००।- | |
| २७ | वैदेशिक रोजगार प्रमाणित अमेरिका, क्यानडा, अस्ट्रेलिया, जापान, कोरिया, मकाउ, हङकङ, सिंगापुर, इजरायल, ब्रुनाई र युरोपियन मूलुक | २०००।- | ^ |
| २८ | वैदेशिक रोजगार प्रमाणित इराक, अफगानिस्तान, सिंगापुर, इजरायल, लेबनान | १०००।- | |
| २९ | वैदेशिक भुतपूर्व सैनिक/प्रहरीको हकमा नाम थर एउटै/ | ३,०००।- | |

| | | | |
|---|---|---|---|
| | संशोधन प्रमाणित गर्ने सिफारिस (ब्रिटिश, सिँगापुर) | | |
| ३० | वैदेशिक भुतपूर्व सैनिकको हकमा नाम थर एउटै/ संशोधन प्रमाणित गर्ने सिफारिस (भारत) | २,०००।- | |
| ३१ | पेन्सन पट्टा सम्बन्धि सिफारिस | | |
| | क) नेपालमा सेवारत | १००।- | |
| | ख) भारतमा सेवारत | ५००।- | |
| | ग) अन्य मुलुकमा सेवारत | २०००।- | |
| ३२ | नाता प्रमाणित सिफारिस (नेपाली) | २५।- | |
| ३३ | सर्जमिन गर्नुपर्नेका हकमा | ३००।- | |
| ३४ | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | २००।- | |
| ३५ | विपन्न विद्यार्थी छात्रबृत्ति प्रमाणित शिफारिस | निशुल्क | |
| ३६ | छात्रबृत्ति प्रमाणित सिफारिस | ५०।- | |
| | छात्रबृत्ति प्रमाणित सिफारिस (वैदेशिक) | ५००।- | |
| ३७ | अपांग प्रमाणित सिफारिस | निशुल्क | |
| ३८ | जेष्ठ नागरिक, एकल महिला सिफारिस | निशुल्क | |
| ३९ | नाबालक सम्बन्धी सिफारिस (अमेरिका, क्यानडा, अष्ट्रेलिया जापान, कोरिया, मकाउ, सिंगापुर, हङकङ, ब्रुनाई र यूरोपियन मुलुक) | २०००।- | |
| ४० | नाबालक सम्बन्धी सिफारिस (हङकङ, मकाउ, दक्षिण कोरिया, सिँगापुर) | १०००।- | |
| ४१ | नाबालक सम्बन्धी सिफारिस (खाडी मुलुक र अन्य) | ५००।- | |
| ४२ | नाबालक सम्बन्धी सिफारिस (नेपाल र भारत) | १००।- | |
| ४३ | आन्तरीक बसाई सराई सिफारिस | ५००।- | |
| ४४ | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ४५ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | १००।- | |
| ४६ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने | १००।- | |
| ४७ | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | ३००।- | |
| ४८ | मोही लगत कट्टा | ५००।- | |
| ४९ | घर कायम सिफारिस (व्यापारिक प्रयोजन) | १०००।- | |
| ५० | घर कायम सिफारिस (अन्य) | १००।- | |
| ५१ | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति आना) | १०।- | महिलाको हकमा ५०प्रतिशत छुट |
| ५२ | कित्ताकाट सिफारिस (प्रति आना) | १०।- | |
| ५३ | जग्गा नामसारी | १००।- | महिलाको हकमा ५०प्रतिशत छुट |
| ५४ | अंशवण्डा सिफारिस (प्रति आना) | १०।- | |
| ५५ | जग्गाको हक सम्बन्धमा सिफारिस | २००।- | |

| | | | |
|---|---|---|---|
| ५६ | जग्गाको हक सम्बन्धमा सिफारिस | १००।- | |
| ५७ | सरकारको नाममा बाटो कायम सिफारिस | १००।- | |
| ५८ | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत ) | १५०।- | |
| ५९ | घर बाटो प्रमाणित, (सहायक पिच सडक अन्तर्गत ) | १००।- | |
| ६० | घर बाटो प्रमाणित, (कच्ची मोटर बाटो अन्तर्गत ) | ५०।- | |
| ६१ | घर बाटो प्रमाणित, (गोरेटो बाटो नभएको समेत ) | २५।- | |
| ६२ | चार किल्ला प्रमाणित चार आना सम्म | १५०।- | भुमिकर(मालपोत)को ग र घ को लागि |
| ६३ | चार किल्ला प्रमाणित चार आना देखि माथि प्रति आना थप | १०।- | |
| ६४ | चार किल्ला प्रमाणित (एक रोपनीसम्म) | ५०।- | |
| ६५ | चार किल्ला प्रमाणित एक रोपनी देखी माथी प्रति रोपनी थप | २०।- | |
| ६६ | हकदार भएको प्रमाणित सिफारिस | २००।- | |
| ६७ | हकदार नभएको प्रमाणित सिफारिस | ५०।- | |
| ६८ | जग्गा रेखाङ्कन सम्बन्धी रोहबरमा बस्ने | ३००।- | |
| ६९ | जग्गा धनीपुर्जा हराएको शिफारिस | १५०।- | |
| ७० | पुर्जामा घर कायम गर्ने सिफारिस | ५०।- | |
| ७१ | अमिन फिल्ड चेक दस्तुर (रुपैयाँ) | | |
| | १ रोपनी सम्म | ५००।- | |
| | ५ रोपनी सम्म | ७००।- | |
| | १० रोपनी सम्म | ९००।- | |
| | २० रोपनी सम्म | १०००।- | |
| | २० भन्दा माथी | १५००।- | |
| ७२ | घर सार्ने  सिफारिस | १००।- | |
| ७३ | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो ) | १५००।- | |
| ७४ | आर्थिक अवस्था सम्बन्धी सिफारिश (कमजोर  ) | निशुल्क | |
| ७५ | वार्षिक चल आय प्रमाणित सिफारिस (थप एकाईमा थप नहुने) | | |
| | १ देखी ५ लाख रुपैयाँ सम्म | २००।- | |
| | ५देखी १० लाख रुपैयाँ सम्म | ५००।- | |
| | १० देखी २० लाख रुपैयाँ सम्म | १५००।- | |
| | २० देखी ५० लाख रुपैयाँ सम्म | २०००।- | |
| | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ३०००।- | |
| | १ करोड रुपैयाँ भन्दा माथी | ५०००।- | |
| ७६ | बहाल कर लेखाजोखा सिफारिस | १००।- | |
| ७७ | नागरिकता सिफारिस (वंशज) | १५०।- | |
| ७८ | नागरिकता प्रतिलिपी सिफारिस | २५०।- | |

| | | | |
|---|---|---|---|
| ७९ | नागरिकता प्रतिलिपी सिफारिस दुई पटकभन्दा बढी प्रतिलिपि | ३००।- | |
| ८० | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १०००।- | |
| ८१ | नागरिकतामा विवरण संसोधन सिफारिस | ३००।- | |
| ८२ | नागरिकतामा विवरण संसोधन सिफारिस (वैदेशिक) | १०००।- | |
| ८३ | नयाँ नागरिकता सर्जमिन/मुचुल्का | ३००।- | |
| ८४ | विद्युत जडान सिफारिस (नक्सा पास भएको) | ५०।- | |
| ८५ | विद्युत जडान सिफारिस (नक्सा पास नभएको) | १००।- | |
| ८६ | धारा जडान सिफारिस (नक्सा पास भएको ) | ५०।- | |
| ८७ | धारा जडान सिफारिस (नक्सा पास नभएको ) | १००।- | |
| ८८ | टेलिफोन जडान सिफारिस (नक्सापास भएको) | ५०।- | |
| ८९ | टेलिफोन जडान सिफारिस (नक्सा पास नभएको) | १००।- | |
| | टेलिफोन नामसारी ठाउँसारी | १००।- | |
| ९० | चौपाया सम्बन्धी सिफारिस | २५।- | |
| ९१ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | ३००।- | |
| ९२ | उद्योग ठाउँसारी सिफारिस | ५००।- | |
| ९३ | उद्योग स्थापना सिफारिस दस्तुर | | |
| | ठूला उद्योग | ५००।- | |
| | मझौला उद्योग | ३००।- | |
| | साना उद्योग | २००।- | |
| ९४ | व्यापार व्यवसाय नभएको सिफारिस | ५०।- | |
| ९५ | व्यवसाय बन्द सिफारिस | ५०।- | |
| ९६ | व्यवसाय संचालन नभएको सिफारिस | ५०।- | |
| ९७ | ठेला रिक्सा दर्ता नामसारी ठाउँसारी | ५०।- | |
| ९८ | प्यान तथा भ्याट दर्ता सिफारिस | २००।- | |
| ९९ | प्यान तथा भ्याट बन्द सिफारिस | २००।- | |
| १०० | कर चुक्ता प्रमाणित सिफारिस (कुल कारोवार रकमको) | ०.०५% | |
| १०१ | विद्यालय ठाउँसारी सिफारिस (निजी) | १०००।- | |
| १०२ | विद्यालय नामसारी सिफारिस (निजि) | २०००।- | |
| १०३ | विद्यालय कक्षा बृद्धि, सिफारिस (निजी) | ५००।- | |
| | संकाय थप (निजी) | | |
| १०४ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस अनुमति (निजी) | १००।- | |
| १०५ | आधरभूत विद्यालय खोल्ने सिफारिस अनुमति (निजी) | २००।- | |
| १०६ | कोठा खोल्ने रोहबरमा बस्ने | २००।- | |
| १०७ | संस्था दर्ता सिफारिस (नाफामूखी) र नविकरण | १००।- | |
| १०८ | संस्था दर्ता सिफारिस (गैह्रनाफामूखी) र नविकरण | ५०।- | |

| | | | |
|---|---|---|---|
| | INGO को हकमा | ५००।- | |
| १०९ | उजुरी तथा मुद्दा दस्तुर | ५००।- | |
| ११० | मिलापत्र कागज गराउने | १००।-देखी १०००।-सम्म प्रकृति हेरी | पटकै पिच्छे थप १००।-हुने । |
| १११ | कुनै व्यक्ति उपर मुद्धा दर्ता गर्नु परेमा दर्ता शुल्क | ५०।- | |
| ११२ | न्यायीक समितिबाट आदेश/फैसला भएको कागजातको प्रमाणित प्रतिलिपि | १००।- | |
| ११३ | गाँउपालिकाको ऐन, नियमावली, कार्यविधि संग्रह | १०००।- | |
| ११४ | गाँउपालिका पार्श्वचित्र (profile) | ५००।- | |
| ११५ | कार्यालयको कागजात उतार प्रतिलिपि (प्रतिपाना) | ३।- | |
| ११६ | अदालत शुल्क मिनाहा सिफारिस | निशुल्क देखी ५०० सम्म | अख्तियारवालाले तोक्ने |
| ११७ | रुख कटान सिफारिस (प्रति रुख ) खयर | १००।- | |
| ११८ | खोटे सल्ला रुख कटान सिफारिस | ५०।- | |
| ११९ | उत्तिस तथा अन्य रुख कटान सिफारिस | ५०।- | |
| १२० | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | ५।- | |
| १२१ | भवन निर्माण स्वीकृती आवाशीय प्रयोजनको लागि प्रति वर्ग फुट | १।- | |
| १२२ | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्सा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्सा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | ५.५।- | |
| १२३ | भवन नक्सा नामसारी दस्तुर | ५००।- | |
| १२४ | भवन निर्माण अनुमति दस्तुर | ५००।- | |
| १२५ | भवन निर्माण नक्सा पास | १०००।- | |
| १२६ | नक्सा पास निवेदन फारम दस्तुर | १००।- | |
| १२७ | नक्सा पास नक्कल दस्तुर | १००।- | |
| १२८ | निर्माण सम्पन्न प्रमाणपत्र (व्यवसायीक) | ५००।- | |
| १२९ | निर्माण सम्पन्न प्रमाणपत्र (आवासीय) | २००।- | |
| १३० | घरको स्थलगत सर्जमिन र अमिन रेखाङकन | ५००।- | |
| १३१ | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) कच्ची | ५०।- | |
| १३२ | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) पक्की | ५००।- | |
| १३३ | घर नामसारी (प्रतिघर) | ५००।- | |
| १३४ | मोवाइल टावर ठुलो | ५०००।- | |
| १३५ | मोवाइल टावर सानो | ३०००।- | |

| | | | |
|---|---|---|---|
| १३६ | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर नयाँ) | २०।- | |
| | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर प्रतिलिपि | १०।- | |
| | पारिवारिक लगत काडं (सरसफाई कार्डको दस्तुर नविकरण) | १०।- | |
| १३७ | हातहतियार नविकरण/ सिफारिस (परम्परागत) | ५००।- | |
| १३८ | हातहतियार नविकरण/सिफारिस (आधुनिक) | १०००।- | |
| १३९ | अन्य प्रमाणित/सिफारिस (अंग्रेजी) माथी उल्लेख नभएको | ५००।- | |
| १४० | अन्य प्रमाणित/सिफारिस नेपाली र अन्य माथी उल्लेख नभएको | १००।- | |

## अनुसूचि-१३

## (दफा १४संग सम्बन्धित)

## पर्यटन शुल्क

१. तिम्बुपोखरी क्षेत्रमा घुम्न आउने प्रति

क) स्वदेशीपर्यटकहरुलाई रु. १५।-

ख) विदेशी पर्यटकहरुलाई रु. १००।-

२. छिमेकी देश भारतको सिक्किमबाट चिवाभञ्याङ (मध्यपहाडी गेटवे) क्षेत्र हुदै नेपाल प्रवेश गर्ने

क) स्वदेशी पर्यटकहरुलाई (प्रति व्यक्ति) रु. २५।-

ख) विदेशी पर्यटकहरुलाई (प्रति व्यक्ति) रु. २००।-

## अनुसूचि-१४

## (दफा १५ संग सम्बन्धित)

## जरिवाना

१. आर्थिक ऐनको दफा ३ बमोजिमको जरिवाना अनिवार्य तिर्नुपर्ने दायित्व भएको व्यक्ति वा संस्थाले तोकिए बमोजिम जरिवाना तिर्नुपर्नेछ ।

२. ऐनका दफा ६ बमोजिम निषेधित वस्तु जफत गरि रु.५०००।- देखि रु.१०,०००।- सम्म सम्बन्धित व्यक्ति वा संस्थालाई जरिवाना गरि असूल उपर गरिनेछ ।

३. आर्थिक ऐनको दफा ११ बमोजिम वाहेकको हकमा निषेधित क्षेत्रमा पार्किङ गरेमाः-

क. ६ चक्के वा सो भन्दा ठूलासवारी र भारी उपकरणलाई रु.५०।०

ख. ४ चक्के सवारी (भारी) लाई रु.२०।०

ग. ४ चक्के सवारी (हलुका) लाई रु.१०।०

घ. २ चक्के सवारीलाई रु.५।०

४. गाउँ कार्यपालिकाले तोकेको निषेधित क्षेत्रमा फोहोर मैला फालेमाः-

क. पहिलो पटक रु.२५।०

ख. दोस्रो पटक रु.५०।०

ग. तेस्रो र सो भन्दा बढी पटक भए प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

५. लिनु पर्नेकर, शूल्क, दस्तुर आदि नलिएमा :-

आर्थिक ऐन र अन्य प्रचलित ऐन कानून अनुसार लिनु पर्ने रकम नलिएमा तिनुपर्ने रकम नतिरेमा सम्बन्धित व्यक्ति वा संस्थाबाट तोकिएको रकमको थप १०% (दश) प्रतिशतले हुन आउने रकम बराबर असूल उपर गरि विभागिय सजाय समेत गरिनेछ । यस ऐन कार्यान्वयन गर्न आवश्यक नियम वा कार्यविधि नबने सम्म सेवा प्रवाह गर्दा अनिवार्य आम्दानी रसिद उपलब्ध गराएर मात्र सेवा प्रवाह गर्नुपर्नेछ ।

**६.** व्यवसाय कर नतिर्ने तथा दर्ता गर्न आनाकानी गर्ने व्यक्ति वा संस्थालाई प्रतिवर्ष रु.५०।- मा नघट्ने गरि ५ प्रतिशतले जति हुन आउँछ रु.५०।- थप हुदै जाने गरी असूल उपर गरि जरिवाना गरिनेछ ।

७. आदेशको पालना नगरेमाः-

गाउँ कार्यपालिकाबाट जारी हुने आदेश पालना नगर्ने व्यक्ति वा संस्थालाई तोकिएको रकमको १०% (दश प्रतिशत) जरिवाना गरिनेछ ।

# एकिकृत सेवाग्राही सूचना

उपरोक्त सम्बन्धमा निम्न विवरण अनुसारको कर, सेवा र सिफारिसका लागि यो निवेदन पेश गर्दछु ।

श्री याङवरक गाउँकार्यपालिकाको कार्यालय

.......................................

मिति

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | / | | | / | | | |

| दायित्वमा पर्ने कर वा सेवा शीर्षकमा चिन्ह ( ) लगाउने | घरजग्गा कर | व्यवसाय कर | मालपोत कर | सवारी कर | बहाल कर | मनोरञ्जन कर | विज्ञापन | सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ |

घर जग्गा विवरण

| भवनको विवरण | | | | | जग्गाको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | लम्बाई चौडाई उचाई | जम्मा ब.फि | घरको बनौट | बनेको साल | कित्ता नं | क्षेत्रफल | बाटोको नाम | बाटोको प्रकार | कित्ता नं. |
| | | | | | | | | | |
| | बहालमा भए तल चिन्ह () लगाउनुहोस् | मासिक /वार्षिक बहाल रकम | बहालमा बस्नेको नामथर, ठेगाना | | | | | बहाल प्रारम्भ मिति | |

| व्यवसायको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | व्यवसायको नाम | व्यवसायको ठेगाना | | | बहालमा भए | | | सेवा तथा व्यापारिक वस्तुको विवरण | व्यवसायिक संस्थाको प्रकार |
| | | स्थान | बाटोको नाम | घर नं. | घरधनीको नाम ( सम्पर्क नं. ) | | कित्ता नं. | | |
| | | | | | | | | | |

| सवारी साधनको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सवारी नं. | सवारी धनीको नाम | सवारीको किसिम | सवारी साधनको भौतिक विवरण | यातायात व्यवस्था विभागमा दर्ता मिति | कैफियत |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| मनोरञ्जन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | संस्थाको नाम | ठेगाना | शुरु रसिद नं. | अन्तिम रसिद नं. | प्रति टिकट दर | रसिद नभए कबुलियत रकम (एकमुष्ट ) | कैफियस |
| | | | | | | | |

| विज्ञापन कर | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | विज्ञापनको विवरण(छोटो परिचय ) | विज्ञापन सामाग्री प्रकार डिजिटल /साईन आदि) | साईज | संख्या | विज्ञापन सामाग्रीको प्रकार | |
| | | | | | | |

| प्राप्त गर्न चाहेको सिफारिस सेवाको विवरण | | | |
|---|---|---|---|
| क.सं. | सिफारिसको विवरण | संलग्न कागजातहरु | कैफियत |
| | | | |

मैले /हामीले पेश गरेको व्यहोरा ठिक साँचो छ। झुटो ठहरीए कानुन बमोजिम सहुंला बुझाउला।

निवेदकको

नामथर

ठेगाना

फोन नं./मोवाइल नं.

ईमेल

हस्ताक्षर